ऐतिहासिक सामग्री

# जंगबहादुर राणाको जीवनी र कृतिसंग सम्बद्ध एक टिपोट

गंगा खरेल
ने.ए.अ.के / त्रि.वि.

आधुनिक नेपालको इतिहासमा जंगबहादुर कुंवर राणाको स्थान महत्त्वपूर्ण छ। यो स्थान उनले नेपाललाई आधुनिकतातर्फ लगेको वा नेपाली राष्ट्रको विकासका लागि महत्त्वपूर्ण देन दिएकाले होइन, बरू सुगौली सन्धिपश्चात् जेनतेन सिंगो राष्ट्रको रूपमा अगाडि पाइला चाल्न लागेको नेपालमा तत्कालीन गृहकलहजन्य परिस्थितिको फाइदा उठाई तरवार र दरवारी शक्तिको आडमा कुंवर-राणाहरूको जहानियाँ एकतन्त्री शासन स्थापना गर्न सक्षम भएकोले प्राप्त भएको हो। सामान्य जनताको छोराको रूपमा जन्मिएर पछि सार्वजनिक प्रतिष्ठाको पदमा पुग्न सफल भई प्रधानमन्त्री जंगबहादुर राणाले आफूलाई 'श्री ३ महाराजा' घोषित गराई नवसिर्जित प्रतिष्ठाको अर्द्ध राजकीय पद सम्हाली एकछत्र र एकतन्त्रीय राज्य कायम गरे। त्यसपछिका १०४ वर्षहरू (१८४६-१९५० ई.) नेपालको इतिहासमा नेपाली जनताका लागि दुर्भाग्यपूर्ण दिनको रूपमा साबित भए।

इतिहासकारहरूले जंगबहादुरलाई अनेक ढंगले हेरेका छन्। तत्कालीन भारतको ब्रिटिश इस्टइण्डिया कम्पनी सरकारलाई रिझाई आफ्ना जनताको दमन गर्ने जंगबहादुर साहसी, क्रूर तथा बहुआयामिक व्यक्तित्व मानिन्छन्।

जंगबहादुरका समयमा लेखिएको भनिने यो संक्षिप्त टिपोट त्यौड, काठमाडौंका स्व. सिद्धिलालज्यूबाट प्राप्त भएको हो। यस टिपोटमा जंगबहादुरको जीवनी र उनले गरेका कार्यहरूबारे संक्षिप्त रूपमा उल्लेख पाइन्छ। लेखकले जंगबहादुरसँगसम्बन्धित मुख्य घटनाहरूलाई फिहरिस्तको रूपमा उल्लेख गरेकाले पाठकहरूलाई रूचिकर हुने देखी यहाँ प्रस्तुत गरिएको छ। यस फिहरिस्तमा लेखक (टिपोटकार) को नाउँ भने उल्लेख छैन। साथै जंगबहादुरको जीवनीसँग सम्बद्ध सबै घटना र कार्यहरूको फिहरिस्त पनि पूर्ण छैन र टिपोट गर्दा केही शब्दहरू अशुद्ध लेखिएका पनि छन्। त्यस्ता केही अशुद्ध र अस्पष्ट शब्दहरूको अर्थ खुलाउने प्रयास पनि यहाँ गरिएको छ। यो फिहरिस्त सम्वत् १९२६ सालको घटनापछि टुङ्गिन्छ।*

यस कागजको भाषा र शैली जंगबहादुरको समकालीन देखिन्छ। यसैले यो लेखौट (टिपोट) प्रामाणिक लाग्दछ। टिपोटकर्ताले यसलाई वि.सं. १९२६ सालमा टुङ्ग्याई

*Contributions to Nepalese Studies*, Vol. 26, No. 1 (January 1999), 163-170.
Copyright © 1999 CNAS/TU

जङ्गबहादुरको मृत्यु भएको साल वि.सं. १९३३ सम्म नल्याउनुमा के कारण निहित छ सो थाहा पाउन सकिँदैन। यसमा प्रयुक्त नेपाली शब्द र वाक्यहरूले टिपोट लेखक नेवारीभाषी भएको अनुमान हुन्छ। जंगबहादुरको बाल्यकालदेखि सम्वत् १९२६ सालसम्मका घटनाको विवरण प्रस्तुत गर्दा सानतिना घटनादेखि महत्त्वपूर्ण घटनासम्मको उल्लेख गरिएकाले पत्र लेखक राणा दरबारका गतिविधि (खासगरी जंगबहादुरको जीवनीलाई) नजिकैबाट हेर्न सक्षम रहेको देखिन्छ।

श्रीः

श्री जङ्ग वहादुर. माहाराजाले किमत् गऱ्याको सवाल् ..........................

सम्वत्. १८७९ सालमा. ६ वर्षका उमेरमा पढ्न्या सिकन्या काम गऱ्याको १

सम्वत्. १८८० सालमा ७ वर्षका उमेरमा पढ्न्या लेषन्या काम गऱ्याको २

सम्वत्. १८८१ सालमा ८ वर्षका उमेरमा फार्सि पढ्याको ३

सम्वत्. १८८२ सालमा ९ वर्षका उमेरमा पढ्न्या काम गरि विवाहा भयाको ४

सम्वत्. १८८३ सालमा १० वर्षका उमेरमा पढ्न्या काम गऱ्याको ५

सम्वत् १८८४ सालमा ११ वर्षका उमेरमा दुल्लुमा गै वर्ष १ सिका षेलेको ६

सम्वत् १८८५ सालमा १२ वर्षका उमेरमा दुल्लुमा वसि सिकार षेलेको ७

सम्वत् १८८६ सालमा १३ वर्षका उमेरमा श्रीजङ्गमा सुवेदारी भै धनकुटा गयाको ८

सम्वत् १८८७ सालमा १४ वर्षका उमेरमा धन्कुटामा वसि. उर्दि कवायेद् गरि सिकार गैह्र षेल्याको. ९

सम्वत् १८८८ सालमा १५ वर्षका-उमेरमा धन्कुटा वसि. उर्दि कवायेद् गरि सिकार गैह्र षेल्याको १०

सम्वत् १८८९ सालमा १६ वर्षका उमेरमा आषाड मैन्हामा धनकुटाबाट आई ढाक्रे भै दर्वारमा चाकरि.गरि. पहल्मान् सिकेको. ११

सम्वत् १८९० सालमा वर्ष १७ का उमेरमा डुडेल्धुरा गयाको. १२

सम्वत् १८९१ सालमा वर्ष १८ का उमेरमा डुडेल्धुरा वसि उर्दि कवायद् गरि सिकार. षेलि. कुह्माउ अलमुढाको वाटो हरिद्वार. कुरू क्षेत्रको स्नान दान गरि दर्षन् गरि. रामपुर. पहेलि भित्तिवाट मडिको वाटो. डुडेल्धुराको वाटो गरि पोषरामा आई विवाहा गरि. नेपालमा आयाको १३

सम्वत् १८९२ सालमा वर्ष १९ का उमेरमा. ढाक्रे भै दर्वारमा चाकरि गरि पहलमान् सिकेको १४

सम्वत् १८९३ सालमा वर्ष २० का उमेरमा चाकरि गरि कुस्ति गैह्र ईलम् सिकि.जनरल.माथवर्सि थापासित कलकत्ता गयाको १५

सम्वत् १८९४ साल्मा वर्ष २१ का उमेरमा थापाहरूका मुक्त्यारि विग्र्या पछि जनरल माथवर्सि थापा दर्वारमा विदा भै. लाहुर्जादा. कासिसम्म संगै कासिमा स्नान.गरि. घर फर्कि आयाको १६

सम्वत् १८९५ साल्मा वर्ष २२ का उमेरमा धनुष्पल्टंमा सुवेदारि भै रूपैञा राषुदा वर्दवानीञापल्टंमा कुमेदानी भै कुमेदानी वालि षायाको १७

सम्वत् १८९६ साल्मा वर्ष २३ का उमेरमा वर्दवानीको कुमेदानी षोसि पूर्व मोरं षानावाडी तर्फ सवारि भै धनकुटावाट रूमजाटारको वाटो फर्कि घर आई वसेको १८

सम्वत् १८९७ साल्मा वर्ष २४ का उमेरमा. कासिमा गै चौतरिया रणेधोज साहलाई ल्याउनु भन्या हुदा कालिवक्सपल्टंमा कप्तानीमा रूपैञा राषी कासि गै नीज चौतरिया आयेनन् र राजा गुलाफसिंहसंग कासिमा मुलाकाज गरि. असारमा फर्कि आई त्यो कप्तानी वालि नपाइ उसै रहि ९८ साल्का वालिलाई सेरको कप्तानीमा रूपैञा राषी कप्तानि वालि षायाको १९

सम्वत् १८९८ साल्मा वर्ष २५ का उमेरमा श्री वुवाज्यु स्वर्गे भयापछि काजि भै कजाञ्चि षान्गीमा सेरको कप्तानि थप गरि दुवै वालि षायाको २०

सम्वत् १८९९ साल्मा वर्ष २६ का उम्रेरमा कजाञ्ची षान्गी षाई दर्वारमा वसि राजकाज गऱ्याको २१

सम्वत् १९०० साल्मा वर्ष २७ का उमेरमा षायाको कजाञ्ची षान्गी षोसिना निमित्त जनरल माथवर्सि थापाले.लारं साहेवलाइ लिन हेटौडा सम्म जाउ भंन्या निउ गरि. पठायो र हेटौडा पुग्यापछि मेरो कजाञ्ची षोषि कर्णविर पाडेलाइ कजाञ्ची दियाको २२

सम्वत् १९०१ साल्मा वर्ष २८ को उमेरमा जनरल माथवर्सिंह थापाका मुक्त्यारिमा ढाक्रे दर्वार.मा चाकरि गऱ्याका र.जिउदो वाघ वाधि चह्रयाको २३

सम्वत् १९०२ साल्मा वर्ष २९ को उमेरमा.दुर्गा वक्स्.कुमारि चोकमा तैनाथ पाई कजाई मान षाई राजकाज गऱ्याको थियो. वैसाषमा माथवर्सिथापा मर्दा. कालिवक्स.पुराना गोरष देविदत्त ३ पल्टंको. तैनाथ पाई जनरल मान षाई राजकाज गऱ्याको. २४

सम्वत्.१९०३ साल्मा वर्ष ३० का उमेरमा असौजमा कोट्पर्व हुदा गैह्र मुकुत्यारि.पायापछि तेसै विचमा श्री ५ महाराजधीराजका गाथ गादीमा कांछी माहारानीले द्रोगर्दा. भडालषाल प्रर्व साम्य गरि श्री ५ माहाराजधीराजका गाथ गादि वचाई राज्ये. थामि ६२ सालमा हरन भयाका व्राह्मणका विर्ता सट्टा दिनु भंन्या हुकुम फुकाई वक्स्याको र. श्री ५ वुढा माहाराज र कांछि माहारानीलाई कासि तर्फ सवारि गयाको. २५

सम्वत् १९०४ साल्मा ३१ वर्षका उमेरमा. श्री ५ वुढा महाराजा कासिवाट फिर्दा.अलौमा दंगा हुंदा. अलौ पर्व साम्य गरि. श्री ५ माहाराजधीराजलाई गाडिमा वसाई श्री ५ वुढा महाराजलाई दर्वारमा ल्याई वन्दोवस्त गऱ्याको २६

सम्वत् १९०५ साल्मा वर्ष ३२ का उमेरमा चक्रमासामा १८ पुरानको आहुति गरि तोप गैह्र षजाना पल्टन् लि पथर घट्टा सवारि गरि वाघ गैह्र मारि माघ मैन्हामा फिरि दर्वारमा आयाको २७

सम्वत् १९०६ साल्मा वर्ष ३३ का उमेरमा मंसिरमैन्हासम्म राजकाज गरि वेलायेत्. तिनधाम तर्फ सवारि भयाको २८

सम्वत् १९०७ साल्मा ३४ को उमेरमा जगंनाथ.रामनाथ. द्वारिका नाथको दर्सन गरि वेलायेन् पुगि. कुईनेन् विष दोरिया गैह्रसित भेट् मुलाकाज् गरि फिरि सुकौलिमा आई पुग्यापछि भगुवा उमराउ भारादार पिछा पर्न आउन्याहरूलाई पिछा लि नीज भगुवा उमराउहरूलाई माना चावलदि वन्दोवस्त गऱ्याको २९

सम्वत् १९०८ साल्मा वर्ष ३५ को उमेरमा. अघिका पुराना स्याहा श्रेष्टा मासि.नञा स्याहा श्रेष्टा षडा गरि कौसल राषी. अैन वनाई सो वमोजिम् वन्दोवस्त गऱ्याको टुडिषेलमा तसविर राषि चैत्र सुक्ल १५ मा प्रतिवर्ष तमासा जात्रा गऱ्याको ३०

सम्वत् १९०९ साल्मा वर्ष ३६ को उमेरमा. बद्रि केदार. तर्फ सवारि भै दर्सन गऱ्या दर्सन. गरि. फिरि वक्स्याको र हाती षेडा गऱ्याको ३१

सम्वत् १९१० साल्मा वर्ष ३७ को उमेरमा भोट् तर्फ लडाञीलाई सुर गरि. षजना रसद तयार गऱ्याको ३२

सम्वत् १९११ साल्मा वर्ष ३८ का उमेरमा भोट्को लडाञी गर्न नञा पल्टं स्मेत् जमाञी लडाञि गर्न निमित्त चैतमा भोट्तर्फ गयाको ३३

सम्वत् १९१२ साल्मा वर्ष ३९ का उमेरमा. भोट् तर्फको लडाञी जिति सक्यापछि भोट्ले सालिन्दा गोर्षा सर्कारलाई सिर्तो तिरि मान्याको ३४

सम्वत् १९१३ साल्मा वर्ष ४० को उमेरमा श्री ५ सर्कारवाट रजाञी मान पायाको ३५

सम्वत् १९१४ साल्मा वर्ष ४१ को उमेरमा लषनौतर्फ लडाञी भयाको ३६

सम्वत् १९१५ साल्मा वर्ष ४२ को उमेरमा रेविलहरूसित लडाञी गऱ्याको र नवाफ विर्तिस कदर ल्यायाको ३७

सम्वत् १९१६ साल्मा वर्ष ४३ का उमेरमा लषनौ लडाञी फते हुदा जिसिविको ईलकापर चिनवासाहवाट कल्कि पायाको र नञा मुलुक पायाको ३८

सम्वत् १९१७ साल्मा वर्ष ४४ का उमेरमा नाना वालाराउका जाहान् ल्यायाको र कोट्याहुति यज्ञ गऱ्याको ३९

सम्वत् १९१८ साल्मा वर्ष ४५ का उमेरमा विश्वरूप ढाल्नु र. निजका मंदिल वनाई कोट्याहुति भयाको ४०

सम्वत् १९१९ साल्मा वर्ष ४६ का उमेरमा वागमति गैह्र ठाउठाउ गरि ज्मापुल ९ र गोकर्नका वन्मा पर्षाल लगाई गिर्दा पर्षाल सिध्याई तयार गऱ्याको ४१

सम्वत् १९२० साल्मा वर्ष ४७ का उमेरमा विश्वरूप थापना र कार्तिक कृस्नप(क्ष)मा नीजको प्रतिवर्ष वन्धन पुजा जात्रा गऱ्याको र गुज्येश्वरिमा सुनको कलेस कमल पानस अर्पन गरि चढायाको ४२

सम्वत् १९२१ साल्मा वर्ष ४८ का उमेरमा. कोट्याहुति ३ र श्रीजंत्र दान भयाको ४३

सम्वत् १९२२ साल्मा वर्ष ४९ का उमेरमा चक्रमास मैन्हा ४ सम्म जातजातका त्वला दान भयाको ४४

सम्वत् १९२३ साल्मा वर्ष ५० का उमेरमा राजकाज गऱ्याको ४५

सम्वत् १९२४ साल्मा वर्ष ५१ का उमेरमा गुज्येश्वरिका देवल सतल र रानीवनको सवै गिर्दा पर्षाल लगायाको ४६

सम्वत् १९२५ साल्मा वर्ष ५२ को उमेरमा. राज गैह्र गऱ्याको ४७

सम्वत् १९२६ साल्मा वर्ष ५३ का उमेरमा पश्चीमतर्फ सवारिमा वेलायेत्का साहज्यादासंग मुलाकाज भयाको र नीजलाई वाघ मराई वक्स्याको ४८


**शब्दार्थ :**

| | | |
|---|---|---|
| रामपुर | - | भारतको उत्तर प्रदेश राज्यमा पर्ने रामपुर क्षेत्र |
| अलमुढा | - | उत्तर भारतको कुमाउँ गढवाल क्षेत्रमा अवस्थित अलमोडा |
| मडि (को) | - | ब्रह्मदेव मण्डि |
| माथवर्सि | - | नेपालका तत्कालीन प्रधानमन्त्री माथवरसिंह थापा |
| लारं | - | ब्रिटिश भारतका गर्भनर लारेन्स |
| मुक्त्यारि | - | मुख्त्यारि (प्रधान मन्त्री) |
| चह्रया | - | चढे |
| रामनाथ (रामेश्वर) | - | दक्षिण भारतको तमिलनाडु राज्यमा पर्ने प्रशिद्ध रामेश्वरम् मन्दिर |
| जिसिवि | - | बेलायतका तत्कालीन राजकुमार कन्सर्ट (H.R.H. Prince Consort) ले जंग बहादुर राणालाई त्यस समयमा सम्मानपूर्वक दिएको प्रथम श्रेणीको सैनिक पदवी (Knights Grand Cross of the Order of the Bath) |
| चिवसहवाट | - | चीन बादशाहबाट |
| नाना वालराउ | - | दक्षिण भारतको महाराष्ट्र (मराठा) राज्यका तत्कालीन पेशवा शासक |
| साहज्यादा | - | बेलायतका तत्कालीन राजकुमार अल्बर्ट(H.R.H. Prince Albert) |

**Reference:**


*आधुनिक भारतका इतिहास,* विद्याधर महाजन, दिल्ली : एस.चन्द एण्ड कम्पनी लि. १९८५.

*"Life of Maharaja Sir Jung Bahadur",* Pudma Jung Bahadur Rana, Kathmandu: Ratna Pustak Bhandar, second reprint, 1980.





